# कानेपोखरी गाउँपालिका
# Kanepokhari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
बयरवन, मोरङ/Bayarban, Morang

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal


सूचना नं.: १(कृषि)

मितिः २०७९/०५/०८

**विषयः तोरी बाली पकेट कार्यक्रम सञ्चालन सम्बन्धी सूचना।**

आ.व २०७९/८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कानेपोखरी गाउँपालिका अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यहरु सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र अर्थात (मिति २०७८/०५/२७ गते भित्र) यस कार्यालयमा तोकिएको ढाँचा (अनुसूची १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्वन्धित सवैमा जानकारी गराइन्छ । साथै यस विषयमा थप जानकारीका लागि कार्यालयको कृषि विकास शाखा (सागर पौडेल ९८४३८६३८८६ तथा संगिता कार्की ९८१०५५२४३१) संग सम्पर्क गर्न सकिनेछ ।

क) पकेटका कार्यक्षेत्रहरु: वडा नं. १ देखि वडा नं. ७ सम्म

ख) कार्यक्रमहरु:

१. पुर्ण अनुदानमा तालिम, गोष्ठी, अभिमुखिकरण, उत्पादन प्रदर्शन लगायतका प्राविधिक सेवा,

२. ५० प्रतिशत अनुदानमा तोरी बालीको उन्नत विउविजन, जैविक विषादी, जैविक मल, सुक्ष्म पोषक तत्व, यन्त्र उपकरण सहयोग,

३. ८५ प्रतिशत अनुदानमा साना सिँचाई, प्रयोगशाला सेवा तथा उत्पादनोपरान्त सहयोग,

४. PIM, २०७७ ले तोके बमोजिमका कार्यहरु।

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. सम्वन्धित निकायमा कृषि समूह/सहकारी/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

२. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा,

३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

४. कार्य समितिको निर्णयको प्रतिलिपि,

५. विगत तीन आ.ब. भित्र कुनै पनि सरकारी निकायबाट कृषि संग सम्बन्धित कुनै पनि किसिमको अनुदान नलिएको भनि स्वःघोषणाको कागजात ।

(संगिता कार्की)
नि.कृषि विकास शाखा प्रमुख

(सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत